का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० साउन २०८१,
बुधबार
14 August, 2024
Wednesday
मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १८३ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



## आफ्नै लयमा देउवा

नेपाली कांग्रेसको राजनीतिमा लामो समयदेखि नेतृत्वमा रहेका शेरबहादुर देउवा अरुका पनि कुरा सुन्ने, तर आफ्नै सोचमा चल्ने नेता हुन् । पार्टीमा बलियो पकड भएकाले पनि उनलाई प्रश्न गर्नेहरु प्रश्न गर्नमै सीमित हुन पुग्छन् । कांग्रेसको जारी केन्द्रीय कार्यसमिति बैठकको प्रवृत्ति पनि योभन्दा फरक देखिँदैन ।

**भावना पाठक/मध्याह्न**
काठमाडौं, २९ साउन ।

गत साउन २३ गतेदेखि चलेको नेपाली कांग्रेस केन्द्रीय समिति बैठकमा नेताहरूले खुलेरै आफ्ना विषय राखे । घोचपेच, नेतृत्वको आलोचना, भावी रणनीतिबारे नेताहरूले जमेरै आफ्ना विषय राखे ।

तर चल्दाचल्दै अर्को बैठक आगामी भदौ ७ गते बस्नेगरी सभापति शेरबहादुर देउवाले स्थगित गरिदिए । मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार अब भदौ ७ गते शुक्रबार बिहान ११ बजे केन्द्रीय कार्यालय सानेपामा केन्द्रीय समिति बैठक बस्नेछ ।

सोमबार पनि केन्द्रीय समिति बैठक बसेको थियो भने केन्द्रीय सदस्यहरूले धारणा राखेका थिए । एक्कासी केन्द्रीय समिति बैठक किन स्थगित भयो भन्ने बारे नेताहरूको ठोस् जवाफ छैन ।

यसअघि महासमितिले पारित गरेका एजेण्डा लगायत ११ विषयमाथि केन्द्रीय समितिमा साउन २३ गतेदेखि छलफल भइरहेको थियो । कांग्रेसमा १३ पदाधिकारी सहित १६८ सदस्यीय केन्द्रीय समिति छ । केन्द्रीय समितिमा पदाधिकारीहरूले धारणा राख्न बाँकी नै रहेका बेला बैठक स्थगित भएको हो ।

नेताहरूका अनुसार सभापति देउवाको चाहना अनुसार बैठक स्थगित भएको हो । पदाधिकारीले राख्ने धारणाले आगामी नीति तय गर्नमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले केही दिन पदाधिकारीहरूसँग संवाद गर्नका लागि सभापतिले नै चाहना राखेका छन् । यसअनुसार बैठक स्थगित भएको हो ।

केन्द्रीय समितिमा महामन्त्री विश्वप्रकाश शर्माले एकै व्यक्ति पार्टीबाट दुई पटक भन्दा बढी प्रधानमन्त्री हुन नपाउने प्रस्ताव गरेका छन् । यस्तो प्रस्तावबाट सभापति देउवा झस्किएका छन् ।

किनभने, वर्तमान सत्ता समीकरणमा शेरबहादुर देउवा अबको दुई वर्षपछि प्रधानमन्त्री बन्ने समझदारी छ । यस्तो समझदारी प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभाको बैठकमै सुनाएका छन् ।

गत असार १७ गते मध्यराति ओली र देउवाले आलोपालो प्रधानमन्त्री बन्ने गरी सत्ता समीकरण बनाएका थिए । त्यसअनुसार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वको सरकार ढलेर ओलीको नेतृत्वमा नयाँ सरकार बनेर अगाडि बढेको छ ।

नयाँ सरकार बनेपछिको अवस्थामा बसेको केन्द्रिय समितिको बैठकमा कांग्रेसकै महामन्त्रीबाट प्रधानमन्त्रीमा सभापति देउवालाई नै रोक्ने गरी प्रस्ताव आएको हो । सांसद पनि चार पटक भन्दा बढी हुन नपाउने महामन्त्री शर्माको प्रस्ताव छ ।

यस्तो प्रस्तावले पदाधिकारीमा रहेका कतिपय नेताहरू समेत झस्किएका छन् । कांग्रेसका अर्का महामन्त्री गगन थापा नै एकै व्यक्ति चार पटक भन्दा बढी सांसद हुन नपाउने प्रावधान पार्टीले लिए अर्को पटक सांसद हुन रोकिनेछन् ।

यस्तोमा सभापति देउवाले आफू अनुकुल केन्द्रिय समितिको बैठकलाई समापन गराउनका लागि बैठक नै स्थगित गराएका हुन् । अब बस्ने बैठकमा पदाधिकारीलाई आफू अनुकुल निर्णय लिन सहयोग पुऱ्याउनेगरी बोल्ने वातावरण बनाउने सभापति देउवाको चाहना हो । कांग्रेसको राजनीतिमा लामो समयदेखि कुनै न कुनै रुपमा नेतृत्वमा >>> पृष्ठ २ मा

### उत्कर्षमा डेडिकेटेड बक्यौता विवाद

# विपक्षीले राखे संसदीय छानबिनको माग

डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवाद उत्कर्षमा पुगेको छ । राजनीतिक दलहरू एकअर्काप्रति आरोप प्रत्यारोपमै उत्रिन थालेका छन् । यही बेला प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रले डेडिकेटेड बक्यौतामा संसदीय छानबिनको माग राखेको हो ।



विद्युत महसुल छुट दिनुपर्ने कारण के हो ? कारण क्लियर नहुँदै छुट दिने भन्ने हुँदैन । यसका लागि हाम्रो एउटा परम्पराको विकास भएको छ । केही विषय उठेपछि संसदीय छानबिन समिति भन्ने चलन छ । यत्रो विषय उठिसकेपछि एउटा संसदीय छानबिन समिति बनाऔं ।

**महेन्द्रबहादुर शाही**
**सांसद, माओवादी केन्द्र**



**अस्मिता बम/मध्याह्न**
काठमाडौं, २९ साउन ।

डेडिकेटेड र ट्रंकलाइनको बक्यौता विवादबारे संसदीय छानबिन समिति गठनको माग उठेको छ । नेपाल विद्युत प्राधिकरणले २०७२ पुसदेखि २०७५ वैशाखसम्म बिभिन्न ६१ वटा उद्योगले डेडिकेटेड र ट्रंकलाईन सुविधा लिएर विद्युत प्रयोग गरेको भनेर महशुल तिर्न भन्दै आएको छ । तर उद्योगीहरूले सर्त अनुसार विद्युत प्रयोग नगरेको भनेर महशुल तिर्न मानिरहेका छैनन् ।

यो विषयमा प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिले छलफल गरिरहेको छ । सार्वजनिक लेखा समितिले उद्योगीहरूलाई समेत बोलाएर छलफललाई समेत देखाएर विपक्षी दलहरूले बक्यौता विवादमा सरकारमाथि प्रश्न गरिरहेका छन ।

संसदमा समेत राजनीतिक दलहरू एकअर्काप्रति आरोप प्रत्यारोपमै उत्रिन थालेका छन् । डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवाद उत्कर्षमा पुगेका बेला प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रले डेडिकेटेड बक्यौतामा संसदीय छानबिनको माग राखेको छ ।

मंगलबार प्रतिनिधि सभामा पार्टीका तर्फबाट विशेष समय लिएर बोल्दै माओवादी केन्द्रका सांसद महेन्द्रबहादुर शाहीले डेडिकेटेड र ट्रंकलाईनको बक्यौता विवादबारे संसदीय छानबिन समितिको माग राखेका हुन् । 'छुट दिनुपर्ने कारण के हो ? कारण क्लियर नहुँदै >>> पृष्ठ २ मा

## पूर्ववर्ती सरकार देखाउँदै एमाले



सरकार, व्यवसायी र लाल आयोगको भाषा, शब्द, शैली जस्ताको तस्तै कसरी मिल्छ ? प्राधिकरण, सरकार र व्यवसायीहरूको सेटिङमा आयोग निर्माण भयो र त्यसले १६ अर्ब छुट दियो ।

**ऋषिकेश पोखरेल**, सांसद, नेकपा एमाले

डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवादमा पूर्ववर्ती सरकारले १६ अर्ब छुट दिन लागेको आरोप वर्तमान सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले लगाएको छ ।

विपक्षी दलका सांसदहरूले सरकारमाथि प्रश्न गरिरहेका बेला नेकपा एमालेका सांसद ऋषिकेश पोखरेलले मंगलबार प्रतिनिधि सभाको बैठकमा प्रतिवाद गरे ।

प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिका सभापति समेत रहेका >>> पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# सेप्टेम्बरदेखि मलेसियामा नयाँ कामदारको एप्रुभल खुल्दै

## बंगलादेश संकटले नेपाललाई मौका, एयर एसियाले उडान शुरु गर्दै

**मध्याह्न संवाददाता**
काठमाडौं, २९ साउन

मलेसियाले आगामी सेप्टेम्बरदेखि विदेशी कामदारको नयाँ एप्रुभल खुला गर्ने भएको छ । विदेशी कामदारको कोटा पूरा भएको भन्दै मलेसियाले गत मे ३१ तारिकदेखि विदेशी कामदार ल्याउन रोक लगाएको थियो । तर आगामी सेप्टेम्बरदेखि खुला गर्ने तयारी पूरा भएको बताइएको छ ।

मलेसियाको गृह मन्त्रालयले गत शुक्रबार विदेशी कामदारको कोटा स्वीकृतिलगायतका अधिकार आफू मातहत लिएको सार्वजनिक गरेको थियो । यसअघि त्यहाँको मानव संशाधन मन्त्रालयअन्तर्गत रहेको विदेशी कामदारको कोटा स्वीकृति गर्ने वैदेशिक श्रमिक व्यवस्थापन महाशाखा (बीपीपीए) खारेज गरी गृह मन्त्रालयमा हस्तान्तरण गरिएको छ । प्लान्टेशन क्षेत्रमा भने अगष्ट पहिलो साता मै एप्रुभल खुला भैसकेको जानकार सूत्रहरुले बताएका छन् ।

### नेपाली कामदारलाई मौका

नयाँ एप्रुभलको शुरुवात भएपछि बंगलादेशी कामदारको तुलनामा नेपाली कामदारले प्राथमिकता पाउने आंकलनसमेत गरिएको छ । मलेसियामा इन्डोनेशियाली कामदारपछि नेपाली ठूलो संख्यामा रहेका छन् । तर सीप र दक्षताका दृष्टिकोणले नेपाली कामदारका मुख्य प्रतिस्पर्धी बंगलादेशी कामदार मानिन्छन् । बंगलादेशी कामदार सीप र दक्षता मात्रै नभइ कामदारको डिमाण्डको कमिशनका दृष्टिकोणले पनि नेपालीसँग प्रतिस्पर्धी मानिन्छन् ।

तर केही दिन अगाडि बंगलादेशमा भएको सत्ता परिवर्तन र नयाँ सरकार गठनका साथै बिबिध अन्योलका कारणले बंगलादेशी कामदारहरुको मलेसियामा गमन सहज छैन । त्यसको लाभ ढंग पुऱ्याउन सके नेपालले लिन सक्ने अवस्था बनेको छ । तर मलेसिया खुल्ने सुइँको पाएपछि नेपालका केही म्यानपावर कम्पनीका सञ्चालक कमिशनको बिटोको अफर गर्न थालिसकेको बताइएको छ ।

### कति छन् मलेसियामा विदेशी कामदार ?

पछिल्लो विवरणअनुसार मलेसियामा २३ लाखभन्दा बढी विदेशी कामदार रहेका छन् । मलेसियामा औद्योगिक, निर्माण, सेवा, वृक्षारोपण, कृषि, घरेलु काम र खानी तथा उत्खनन क्षेत्रमा २३ लाख ७ हजार ७ सय ४६ विदेशी कामदार रहेको मलेसियाको मानव संशाधन मन्त्रालयले जनाएको छ ।

त्यसमध्ये औद्योगिक क्षेत्रमा सबैभन्दा बढी ७ लाख ३० हजार ९ सय ९९, निर्माण क्षेत्रमा ६ लाख ४६ हजार ५ सय ८, सेवा क्षेत्रमा ३ लाख ९४ हजार ७ सय ३९, वृक्षारोपण अर्थात प्लान्टेशन क्षेत्रमा २ लाख ६३ हजार १ सय ५१, कृषि क्षेत्रमा १ लाख ७१ हजार १ सय ३ तथा घरेलु कामदारमा १ लाख ६ सय ७५ विदेशी कामदार रहेका छन् ।

### एयर एसियाको फ्लाइट शुरुवात

मलेसियामा विदेशी कामदारको नयाँ एप्रुभलको तयारीसँगै मलेसियाको सस्तो एयरलाइन्सका रुपमा परिचित एयर एसियाले अक्टोबर महिनादेखि नेपालमा दैनिक तीन फ्लाइट शुरु गर्ने तयारी गरेको छ । ५ वर्षपछि पुनः नेपाल फर्किएको एयर एसियाले काठमाडौंसँगै भैरहवाबाट सिधै थाइल्याण्ड उडान गर्ने गरी अनुमति पाएको छ ।

नेपालमा उडान अनुमति पाएको उक्त एयरलाइन्सले काठमाडौंमा ३ र भैरहवामा सातामा ४ वटा उडान गर्ने गरी अनुमति पाएको हो । यसअघि मलेसियाबाट काठमाडौंका लागि लगातार >>> पृष्ठ २ मा

### 'रोजगारी नभएसम्म खाडी जाने लाइन राकिँदैन'

काठमाडौं/रासस- नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले युवा पलायन रोक्न सरकारले आकर्षक र रोजगारमूलक कार्यक्रम ल्याउन जरुरी रहेको बताएका छन् । अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा फोर एच नेपालले मंगलबार आयोजना गरेको 'अन्तरपुस्ता संवाद' कार्यक्रममा उनले पढे लेखेका र बाध्यताले रोजगारीका लागि खाडी मुलुक जाने युवालाई रोक्न स्वदेशमै रोजगारीको अवसर सिर्जना गरिनुपर्नेमा जोड दिए ।

'युवालाई नेपालमै कसरी आकर्षित बनाउने भन्नेबारे सरकारले आवश्यक कार्ययोजना बनाउन जरुरी छ,' नेता कोइरालाले भने, 'नेपालमा केही हुँदैन भन्ने भाष्यलाई चिर्नुपर्छ । युवा पलायन रोक्न राज्यले उनीहरुलाई कसरी 'इन्गेज' गराउने हो त्यसतर्फ ध्यान दिइनुपर्छ । स्वदेशमै अवसरको खोजी गर्ने जिम्मेवारी अभिभावकको पनि हो ।' प्रतिनिधि सभा सदस्य डा कोइरालाले व्यावहारिक र वैज्ञानिक शिक्षा पद्धतिको >>> पृष्ठ २ मा

# पुग्यो पोल, पुगेन विजुली

सल्लोको दियालोको भरमा अँध्यारो कटाउने बाध्यता हट्ने आशमा रहेका स्थानीय विद्युतका पोल मात्रै हेर्न बाध्य छन् ।

**ओबराज शाही/मध्याह्न**
हुम्ला, २९ साउन

हुम्लाको छिप्रा र खर्पेलगाउँमा विद्युतका पोल पुगेको ६ वर्ष पुग्यो । यी दुई वडामा चार बस्ती छन् । विद्युतका पोल पुगेपछि हर्षित स्थानीयले फेरि पनि ६ वर्ष अन्धकारमै बिताए । फेरि पनि गाउँमा पुगेको पोलमा तार टाँगिएर बिजुली आउने आश भने स्थानीयले मारेका छैनन् ।

६ वर्षदेखि उक्त दुई वडामा कतै विद्युतका पोल मात्र गाडिएका छन् भने केही स्थानमा तार समेत तानिएको छ ।

सदरमुकाम सिमकोटदेखि हिल्दुम विद्युत वितरण केन्द्रको विद्युतलाई सिमकोट गाउँपालिकासँगै जोडिएको खार्पुनाथ गाउँपालिकाको वडा ४ छिप्रा र वडा ५ खर्पेलगाउँ विद्युतका पोल मात्रै पुगेका हुन् ।


गाउँपालिका केन्द्रदेखि वडा १ लालि वडा, २ थाली र वडा ३ राया गाउँका लागि ६ वर्षदेखि ठेकेदारको लापरबाहीले गर्दा विद्युत नपुगेको स्थानीय चक्र सिंह बताउँछन् ।

वडा नं. ३ रायाका तीन बस्तीका करिब ७ सय घरधुरी र वडा २ थाली गाउँका तीन बस्तीमा ५ सय घरधुरी रहेका छन् ।

दुई वटा वडाका लागि दुई वटा ठेक्का भएको छ । जसमा वडा ३ राया गाउँका लागि न्यु रावत निर्माण सेवाले ठेक्का लिएको छ, भने वडा २ थालिमा श्रीया उज्ल निर्माण सेवाले ठेक्का लिएको छ । ठेक्का लिएको लामो समय हुँदा पनि गाउँमा बत्ती बल्ने सुरसार हुने गरी काम भने भएको छैन ।

स्थानीय ज्ञान बहादुर रावल ठेक्का लिएर म्याद नाघ्दा म्याद थप मात्र हुने गरेको बताउँछन् ।

पुरै वडा नै बत्ती नहुँदा हरेक विद्युतीय सामग्री संचालन गर्न र वडाका स्थानीयबासीलाई सेवा दिन चार घण्टा पैदल यात्रा गरेर गाउँपालिका केन्द्र याङ्चु पुग्नुपर्ने बाध्यता रहेको वडा ३ का



वडाध्यक्ष च्यागा बुडा बताउँछन् ।

बत्ती नहुँदा सल्लोको दियालोको भरमा स्थानीय जीवन गुजारी रहेका छन् । यस्तोमा धुँवाले वृद्ध अवस्थाका व्यक्ति र बालबालिकालाई विभिन्न रोग लाग्ने गरेको स्थानीय जनप्रतिनिधि चन्द्र रावल बताउँछन् । उनी वडा २ का वडाध्यक्ष हुन् ।

मध्यान्ह
www.madhyanhadaily.com

३० साउन २०८१, बुधबार
14 August 2024, Wednesday

# युवाहरुका लागि उद्यमशीलता विकास गर्ने प्रधानमन्त्री ओलीको प्रतिबद्धता

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले युवाहरुका लागि उद्यमशीलतामा विकास गर्न सरकारले योजना बनाइरहेको बताएका छन् ।

अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा आयोजित नेपाल युवा सम्मेलन, २०२४ को समापन कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले धेरैलाई रोजगारी दिन साना साना उद्यमशीलताका कार्यक्रमसहित विकासको लहर ल्याउन सरकारले सोचिरहेको जानकारी दिएका हुन् ।



देशमा रोजगारी र अवसर राम्रो नहुँदा युवाहरु विदेशिने क्रम चलेकामा चिन्ता व्यक्त गर्दै प्रधानमन्त्री ओलीले आगामी दिनमा नेपाल ज्येष्ठ नागरिकको मात्रै मुलुक बन्न सक्ने खतरा रहेकाले युवाहरुले यसका लागि सोच्नुपर्ने बताए । उनले हाल जनसंख्यावृद्धि दर पनि न्यून रहेकाले सुन्दर भविष्यका लागि २० वर्षको आसपासमा विवाह गर्न र छिटो सन्तान जन्माउन युवाहरुलाई आग्रह गरे ।

प्रधानमन्त्री ओलीले हाल २० प्रतिशत नागरिक निरपेक्ष गरिबीको रेखामुनी रहेकामा वर्षमा दुई प्रतिशतका दरले गरिबी घटाउन सक्नुपर्ने बताए ।

उनले एक वर्षभित्र सडक बालबालिकाको स्थितिलाई अन्त्य गर्ने लक्ष्य लिइएकाले हाम्रा बच्चाहरु अभिभावकबिहीन भएर सडकमा बस्न नमिल्ने स्पष्ट गरे ।

सम्मेलनबाट प्राप्त पारित घोषणापत्रका विषयहरुलाई सरकारले कार्यान्वयनका लागि प्रतिबद्धता जनाउँदै प्रधानमन्त्री ओलीले आगामी असोजमा हुने राष्ट्रसंघको महासभामा सम्बोधन गर्दा पनि घोषणापत्रका विषय प्रतिबिम्बित गर्ने जनाए ।

# सबै प्रदेशमा मानव अंग प्रत्यारोपण उपकेन्द्र स्थापना गरिने




**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सातवटै प्रदेशमा मानव अंग प्रत्यारोपण केन्द्र स्थापना गर्ने घोषणा गरेका छन् । विश्व अंगदान दिवसका अवसरमा भक्तपुरस्थित शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा अंगदान गर्नेहरुलाई मंगलबार सम्मान गर्दै मन्त्री पौडेलले आफूले हालै सार्वजनिक गरेको कार्ययोजनामा पनि अंगदान केन्द्र स्थापनाको विषय समेटिएको बताए ।

'मानव अंगदानका लागि सबै प्रदेशमा यसै केन्द्रको शाखाका रुपमा उपकेन्द्र सञ्चालन हुनेछन्', उनले भने, 'तत्काल कोशी प्रदेशबाट यो काम थालिनेछ ।'

भक्तपुरलाई केन्द्र बनाएर सातै प्रदेशमा अंग प्रत्यारोपण उपकेन्द्र स्थापना गर्ने तयारी गरेको जानकारी दिँदै मन्त्री पौडेलले अरु प्रदेशमा पनि चाँडै काम थालिने गरी तयारी अघि बढिरहेको बताए ।

सीमित जनशक्ति, पूर्वाधार र स्रोतका कारण चाहेजस्तो सेवा दिन नसकिएको उल्लेख गर्दै मन्त्री पौडेलले उपलब्ध जनशक्ति र स्रोतको अधिकतम उपयोग गर्नुपर्नेमा जोड दिएको उनको निजी सचिवालयले जनाएको छ ।

भक्तपुरस्थित केन्द्र साँघुरो भएकाले समस्या परेको गुनासो आएको भन्दै मन्त्री पौडेलले सूर्यविनायकमा स्थानान्तरणका लागि मन्त्रिपरिषद्मा प्रस्ताव प्रस्तुत गर्ने बताए ।

# करोडौंको लागतमा निर्माण गरिएका जनता आवास कार्यक्रमका घरहरु प्रयोगविहीन

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २९ साउन

अर्घाखाँचीको छत्रदेव गाउँपालिका वडा नम्बर ६ मा भूमिहीन, सुकुम्बासी तथा प्रकोपबाट पीडित भइ घरबारविहीन बनेका परिवारका लागि सरकारले निर्माण गरिदिएको घर प्रयोग विहीन अवस्थामा रहेको छ ।

सरकारी घरमा बस्न स्थानीयले चासो नदेखाएपछि करोडौं लगानी गरेर निर्माण भएका घरहरु प्रयोगविहीन भएको हो । जिल्लाको छत्रदेव गाउँपालिकाले जनता आवास कार्यक्रम अन्तर्गत केही वर्ष पहिला निर्माण गरेका १० वटा घरमध्ये ६ वटा घर एक वर्षदेखि खाली रहेको स्थानीय विश्वदिप पाण्डेले बताए ।



स्थानीय छत्रदेव गाउँपालिका र संघीय सरकारको समपूरक बजेटमार्फत चार करोड रुपैयाँ लगानीमा ती घर निर्माण भएको निर्माण व्यवसायी रामबहादुर रानाको भनाइ छ ।

निर्माण गरिएका सरकारी भवनहरु सुविधा सम्पन्न छन् । घरमा पानी, बत्ती र शौचालयको राम्रो व्यवस्था छ । सबै घरमा सोलार जडान गरिएको छत्रदेव गाउँपालिकाका पूर्व अध्यक्ष लेखनाथ पोखेलले बताए । वरिपरि हरियाली वातावरण र खुला ठाउँमा घर निर्माण भएका छन् । साना चिटिक्क र रङरोगन गरिएका घर हेर्दा निकै आकर्षक रहेको पोखेलको भनाइ छ ।

छत्रदेव गाउँपालिका वडा नम्बर ६, चौवाहामा ४२ रोपनी जग्गा खरिद गरी घर निर्माण भएका थिए । घरसहित दुई रोपनी जग्गा उपलब्ध गराउने व्यवस्था भएपनि उक्त व्यवस्था कार्यान्वयन हुन नसकेकोले स्थानीय घर पाउनेहरु बेखुसी भएका हुन् ।

सुकुम्वासी भएपनि आफ्नै घरमा बस्न रुचाउने भएकाले स्थानीयले खासै रुची नदेखाएको कारण घरहरु प्रयोगमा नआएको नेपाली कांग्रेस अर्घाखाँचीका सहसचिव तथा वडा नम्बर ६ का वडाध्यक्ष कमलप्रसाद पौडेलले बताए ।

पौडेलले भने,'मान्छेहरू आफू बसेको घर झट्ट छोड्न नमान्दा रहेछन् । सुकुम्वासी भएपनि घर छोड्न गाह्रो हुँदो रहेछ ।'

मापदण्डमा परेका परिवार नि:शुल्क बस्न पाउँछन् । नेपाल सरकारको भूमिहीन सुकुम्वासी र आवास विहीनलाई जग्गा र बास उपलब्ध गराउने संवैधानिक व्यवस्था अनुसार घर र जग्गा उपलब्ध गराइएको भएपनि त्यो कार्यक्रम प्रभावकारी नदेखिएको स्थानीय युवराज श्रेष्ठले बताए ।

दुई वटा कोठा र एउटा भान्सा कोठासहितको घरमा ६ जनाको परिवार बस्न मिल्ने गरी निर्माण गरिएको छ । ती घरहरुमा कस्ता मानिस बसोबास गर्ने भन्ने मापदण्ड नपुगेका कारणले पनि घर बस्न स्थानीय नआउने गरेको छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठको भनाइ छ ।

मापदण्ड पूरा हुन नसकेकालाई सरकारी घरमा बसाल्ने कुरा भएन । प्राकृतिक प्रकोपबाट पीडित भइ घरबारविहीन भएकालाई पनि समेट्ने प्रयास गरेको र यो कार्यक्रम प्रभावकारी हुन्छ भन्ने विश्वास गरेको अध्यक्ष श्रेष्ठले बताए । अर्घाखाँची जिल्लाका स्थानीय सरकारहरुले भूमिहीन गन्धर्व, बादीहरुका लागि समेत विभिन्न ठाउँहरुमा जनता आभास कार्यक्रम अन्तर्गत घर निर्माण गर्दिएका थिए ।

# गरुडा नगरपालिकाद्वारा मालपोत कार्यालयलाई मेशिनरी औजार हस्तान्तरण



**मनोज कुमार साह/मध्यान्ह**
रौतहट, २९ साउन

रौतहट गरुडा नगरपालिकाले मालपोत कार्यालय गरुडालाई मोटरसाइकलसहित मेशिनरी औजार, फर्निचर तथा फिक्चर्सका सामानहरु हस्तान्तरण गरेको छ ।

नगर प्रमुख कन्थमणी जयसवालले मालपोत कार्यालय गरुडाको काम छिटो, छरितो तथा कार्य सम्पादनमा सहयोग पुगोस् भन्ने उद्देश्यले उक्त सामान सहयोग गरिएको बताए ।

गरुडा नगर क्षेत्रका मालपोतका कामहरु नागरिकलाई सास्ती नदिइ छिटो सम्पन्न गर्न नगर प्रमुख जयसवालले आग्रह गरे । अझैं पनि काम गर्न असहज भए तथा कार्यालयलाई आवश्यक परे नगरपालिका सहयोग गर्न तत्पर रहेको प्रमुख जयसवालको भनाइ छ ।

जनताको काम छिटो-छरितो हिसाबले सम्पन्न गर्नु आफ्नो दायित्व भएको हुँदा जनतासँग सम्बन्ध रहेका कार्यालयमा गरुडा नगरपालिकाले सहयोग गर्दै आएको नगर प्रमुख जयसवालको भनाइ छ । आफु नगर प्रमुख भएर आएदेखि यस्ता सहयोगका कामलाई उच्च प्राथामिकतामा राखेर काम गर्दै आएको उनले बताए ।

मालपोतको कार्य सम्पादन चुस्त, दुरुस्त गर्न गरुडा नगरपालिकाले १ सय ५० सीसीको मोटरसाइकल, २ थान डेक्सटप कम्प्युटर, १ थान प्रिन्टर, २ थान युपिएस,३ सिटर ३ थान कुर्सी र फिक्स ४ थान कुर्सी हस्तान्तरण गरेको गरुडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेख मुस्ताक आलमले बताए । मालपोत कार्यालय गरुडाको माग बमोजिम गरुडा नगरपालिकाले उक्त सामग्रीहरु सहयोग गरेको प्रमुख प्रशासकीय अधिकृत आलमको भनाइ छ ।

नगरपालिकाबाट प्राप्त मोटरसाइकलसहितको सामग्रीले आफ्नो कार्यालयको काम सम्पादन गर्न ठूलो सहयोग पुग्ने मालपोत कार्यालय गरुडाका शाखा प्रमुख मोहन कुमार पाठकले बताए । फिल्ड भिजिटको लागि मोटरसाइकल र कार्यालयको लागि फर्निचर, कम्प्युटर लगायतको सामानहरु अति आवश्यक रहेको अवस्थामा नगरपालिकाले गरेको सहयोगप्रति हार्दिक आभारी रहेको कार्यालय प्रमुख पाठकले बताए ।

यसअघि पनि गरुडा नगरपालिकाले विभिन्न सरकारी कार्यालय तथा संघसंस्था, अनाथलय लगायतलाई सहयोग गर्दै आइरहेको छ । कार्यक्रममा गरुडा नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष अम्बीका सहनी, जिन्सी शाखा प्रमुख मुकेश कुमार साह, प्रशासन शाखा प्रमुख धिरेन्द्र कुमार यादव,मालपोत कार्यालय गरुडाका लेखा प्रमुख नबिन कुमार यादव लगायतको उपस्थिति रहेको थियो ।

# नागरिक उड्डयन क्षेत्र सुधारसम्बन्धी कार्ययोजना स्वीकृत

**काठमाडौं/मस-**सरकारले नागरिक उड्डयन क्षेत्रको समग्र सुधारसम्बन्धी कार्ययोजना स्वीकृत गरेको छ । यही साउन २८ गतेको मन्त्रिपरिषद् बैठकले गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसम्बन्धी कार्ययोजनासमेत स्वीकृत गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मंगलबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । उक्त बैठकले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको महाप्रबन्धकमा धादिङका रमेश आचार्य र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको महाप्रबन्धकमा इलामका प्रकाशप्रसाद पोखरेललाई नियुक्त गरेको छ । मन्त्रिपरिषद्ले सङ्घीय भूउपयोग परिषद् सदस्यमा डा.रेवतीरमण पौडेल, डा. यमुना घले, डा. रेश्मा श्रेष्ठ र जगतबहादुर देउजालाई मनोनयन गर्ने निर्णय गरेको छ । बैठकले नेपाल सरकारका नाममा दर्ता रहेको सिरहाको नवराजपुर गाउँपालिका-४ को ०-१९-० विघा जग्गा इलाका प्रहरी कार्यालय, झाँझपट्टीलाई प्रयोग गर्न स्वीकृति दिने निर्णय गरेको छ ।



बैठकले यही साउन २९ देखि ३२ सम्म भुटानमा आयोजना हुने दक्षिण एशियाली निर्वाचन व्यवस्थापनसम्बन्धी निकायको बाह्रौं सम्मेलन सहभागी हुन प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई स्वीकृति दिएको छ । मन्त्रिपरिषद्ले एसियाली विकास बैंकबाट सिँचाइसम्बन्धी परियोजनाका लागि उपलब्ध हुने अमेरिकी डलर ११० मिलियन (अनुमानित रु. १४ अर्ब ६३ करोड) सहुलियतपूर्ण ऋण र १५ मिलियन अमेरिकी डलर (अनुमानित रु. एक अर्ब ९९ करोड)अनुदान स्वीकारका लागि वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा टोली गठन गरेको छ । बैठकले निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव इन्दुविक्रम जोशी र कोमलप्रसाद धमलाले दिएको राजीनामा स्वीकृत गरेको छ ।

# लुटपाटमा संलग्न पाँच जना पक्राउ

**कास्की/मस-** धारिलो हतियार देखाइ सुनको सिक्री र नगद लुटपाटमा संलग्न रहेको अभियोगमा प्रहरीले ५ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पोखरा महानगरपालिका-१८ बस्ने ३७ वर्षीय देवन गुरूङ, सोही ठाउँ बस्ने १९ वर्षीय आजित रूचाल भन्ने हितमान सार्की, सोही महानगरपालिका-५ बस्ने तनहुँ ब्यास नगरपालिका-३ घर भएका १८ वर्षीय किशोर, पोखरा महानगरपालिका-४ गणेशटोलस्थित बिकास सुनचाँदी पसलका संचालक नारायण प्रसाद वि.क र एसपी मान्मा ज्वलेर्सका सञ्चालक प्रशान्त मान्मा रहेका छन् ।

पोखरा महानगरपालिका-६ लेकसाईडस्थित बाटोमा हिँडिरहेकी २० वर्षीया महिलाको २ तोला बराबरको सुनको सिक्री १ थान, नगद १२ हजार रूपैयाँ र ज्याकेट आइतबार स्कुटर र मोटरसाइकलमा आएका अपरिचित व्यक्तिहरूले चक्कु देखाई डर त्रासमा पारी लुटी फरार रहेको भन्ने सूचना प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले घटनामा संलग्न आजित, हितमान र १८ वर्षीय किशोरलाई सिक्री बेचेर आएको नगद १ लाख ३ हजार ५ सय रूपैयाँ, घटनामा प्रयोग भएको ग.८ प ६९२४ नम्बरको स्कुटर र ग.११ प ९८२७ नम्बरको मोटरसाइकल सहित पक्राउ गरेको हो ।

## आफ्नै...

रहेका देउवा सबैका कुरा सुन्ने तर आफ्नै तरिकाले चल्ने नेता हुन् । पार्टीमा बलियो पकड भएकाले पनि उनलाई प्रश्न गर्नेहरु प्रश्न गर्नमै सीमित हुन पुग्छन् । यसपटकको केन्द्रिय समितिको बैठकको समापन पनि यही रुपमा हुने कांग्रेस नेताहरू नै बताउँछन् ।

## विपक्षीले...

छुट दिने भन्ने हुँदैन । यसका लागि हाम्रो एउटा परम्पराको विकास भएको छ । केही सामान्य विषय उठ्ने बित्तिकै संसदीय छानबिन समिति भन्ने चलन छ । यत्रो विषय उठिसकेपछि एउटा संसदीय छानबिन समिति बनाऔं' उनले भने । छानबिनमा दोषी ठहर भए जो कोही कारबाही भोग्न तयार हुनुपर्ने उनको आग्रह छ ।

'यहाँ कसैले कमजोरी गर्छ भने त्यसलाई ढाकछोप गर्ने पक्षमा होइन । कसैको अपराधलाई कुनै पनि राजनीतिक दलले लुकाउनु हुँदैन । आफ्नै पार्टीको नेता किन नहोस् । यदि उसले अपराध गरेको छ, अपराधिक क्रियाकलाप गरेको छ भने कानूनी दायरामा ल्याउनैपर्छ । त्यसलाई जोगाउन लाग्ने होइन' उनले भने ।

सरकारमाथि प्रश्न खडा भएकाले पनि संसदीय छानबिन आवश्यक रहेको उनको तर्क छ । 'सुशासनको मामिलामा के गर्छ ? अघिल्लो सरकारले गरेको कामलाई निरन्तरता दिन्छ कि दिँदैन ? अहिले खोलिएको फाईलहरुमा के गर्छ भन्ने कुराको प्रश्न जनताले उठाएका छन्' शनही भन्छन्, 'यसको गतिलो जवाफ अहिलेको सरकारले दिन सकेन भने सरकारप्रतिनै अविश्वास पैदा हुनेछ । यसको लागि विशेष ध्यान देओस् ।'

## पूर्ववर्ती...

पोखरेलले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको पूर्ववर्ती सरकारले २०८१ बैशाख २१ गते डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत उपभोग गरेका व्यापारीलाई बक्यौतामा १६ अर्ब छुट दिने निर्णय गरेको दाबी गरे ।

'बैशाख २७ को मन्त्रिपरिषद्को निर्णयले जम्मा ६ अर्ब उठाउ भन्छ । महालेखाको प्रतिवेदनले २१ अर्ब ८८ करोड उठाउ भन्छ, १६ अर्ब खै ?' सभापति पोखरेलले प्रश्न गरे ।

सरकार, नेपाल विद्युत प्राधिकरण र व्यापारीबीच मेलमिलाप भएर सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको नेतृत्वमा डेडिकेटेड तथा ट्रंक लाइन विवादबारे समिति बनेको आरोप पनि उनले लगाए । तर, उक्त सरकारमा एमाले पनि सहभागी थियो ।

'सरकार, व्यवसायी र लाल आयोगको भाषा, शब्द, शैली जस्ताको तस्तै कसरी मिल्छ ? प्राधिकरण, सरकार र व्यवसायीहरूको सेटिङमा आयोग निर्माण भयो र त्यसले १६ अर्ब छुट दियो' उनले भने ।

डेडिकेटेड र ट्रंक लाइनको विद्युत उपभोग गर्ने उद्योगीले २१ अर्ब ८८ करोड तिर्नुपर्ने तथ्यांक रहेको जान्दा जान्दै पूर्ववर्ती सरकारको पालामा नेपाल विद्युत प्राधिकरणले उद्योगीहरूलाई बिगोसहित ८ अर्ब मात्रै उठाउनका लागि बिल पठाएको दाबी गरे ।

नेकपा एमालेका अन्य सांसदहरूले समेत पूर्ववर्ती सरकारमाथि प्रश्न उठाइरहेका छन् । तर, प्रमुख सत्ताघटक नेपाली कांग्रेस भने डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवादमा मौन रहँदै आएको छ ।

## सेप्टेम्बरदेखि...

६ वर्ष उडान गरेर बन्द गरेको उक्त वायुसेवाले अब भने थाइल्याण्डबाट पनि भैरहवा र काठमाडौंमा उडान गर्ने भएको हो ।

## रोजगारी...

अवलम्बन गर्दै स्वरोजगार र उद्यमशीलताको विकासका लागि युवालाई प्रोत्साहित गरिनुपर्ने खाँचो औंल्याए । देशको भविष्य निर्धारण गर्ने जिम्मेवारी युवाको काँधमा रहेकाले युवाले पनि उद्यमशील मानसिकतासहित स्वदेशमै केही गर्ने सोच निर्माण गर्नुपर्ने उनको भनाइ थियो ।

नेता डा कोइरालाले ढिलासुस्ती, अनियमितता र भ्रष्टाचारसँग जोडिएर आएका प्रश्नलाई सरकार र राजनीतिक दलले गम्भीरताका साथ लिनुपर्ने बताए । वर्तमान सरकारले सुशासन, भ्रष्टाचार नियन्त्रण र युवालाई रोजगारी सिर्जनाका लागि सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेकपा एकीकृत समाजवादीकी नेतृ रामकुमारी झाँक्रीले युवा पलायन रोक्न युवा उद्यमशीलता विकास, स्वरोजगारीमा प्रेरित गर्नुपर्ने कार्यक्रम ल्याउनुपर्नेमा जोड दिइन् । नेकपा एमालेका नेता डा दीपकप्रकाश भट्टले समग्र राष्ट्रिय विकास नीति निर्माणका लागि युवापुस्ताले राज्यलाई घचघच्याउन जरुरी रहेको धारणा राखे । जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय सदस्य विदेश्वर यादव (विक्की)ले युवापुस्ताको समस्यालाई सम्बोधन गर्न सरकार र राजनीतिक दलहरुलाई गम्भीर बन्न आग्रह गरे ।

फोर एच नेपालका अध्यक्ष लोकराज अवस्थिले युवाको मागलाई सरकार र राजनीतिक दलसमक्ष पुऱ्याउन पुलको रुपमा काम गर्ने उद्देश्यले संस्थाले विभिन्न युवा अभियान सञ्चालन गर्दै आएको जानकारी दिए ।

UAE मा रोजगार Global Care Hospital- Sole Proprietorship
पुन: विज्ञापन । पूर्व स्वीकृती मिति: २०८०/०१/२४ चलानी नं. ६०२०१०४० LT No. : 285590

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Female Cleaner | 00 | 61 | साधारण | 900 | ३२,५६९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता: २०८१ श्रावण ३२ गते (16 Aug., 2024) जनप्रिय थकाली भान्छा घर पोखरामा, २०८१ भाद्र १ गते (17 Aug., 2024) टुरीस्ट धरान रोड इटहरी र २०८१ भाद्र २ गते (18 Aug., 2024)यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ ।

Euro Asia H.R. Solutions Pvt. Ltd.
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Tel : 01-4980875, 4965521, 9851048235, 9851042984 9851159503, Chitawan : 9802855075, 9702753538, Pokhara: 9802855069, 9802855194, Itahari : 9804372357, 9817381197, Birtamod: 9801452351, 9842775539
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

Saudi मा रोजगार Maryam Ali Muhammad Al Shahrani Men's Tailoring
पूर्व स्वीकृती मिति: २०८१/०४/२९ चलानी नं. ६०२२३५३८ LT No.: 308913

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Load & Unloading Workers | 02 | काममा दक्ष | 1000 | ३५,७७५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८१ भाद्र ५ गते (21 Aug., 2024) यस प्रा. लि. को कार्यालय भिमसेनगोला, काठमाडौंमा हुनेछ ।

David Foreign Recruitment Agency Pvt. Ltd.
Govt Lic. No: 1248/074/075
Bhimsengola-31, Bagmati Corridor, Kathmandu, 01-5915447
Hotline : 9804068005, 9841595615, Email : jobsdavidhr@gmail.com

# कोकिन तस्करीमा प्रहरी आक्रामकः एक सातामा २५ करोडको कोकिन बरामद





**खिलानाथ ढकाल/मध्यान्ह**
काठमाडौं, २९ साउन

काठमाडौंबाट ठूलो परिमाणमा कोकिनसहित भरियाहरू पक्राउ पर्न थालेका छन्। एक सातामा प्रहरीले तीन जना भरियालाई झण्डै २५ करोडको कोकिनसहित पक्राउ गरेको छ।

यसक्रममा प्रहरीले सोमबार नयाँ बानेश्वर स्थित होटलबाट कोकिनसहित भरिया र भारतीय तस्करलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा तान्जानियन नागरिक ५८ वर्षीय जुमा अब्दुल्ला एमजी र भारतीय तस्कर के जुचोबेनी सोपोई रहेका छन्।

लागुऔषध नियन्त्रण ब्युरोको कोटेश्वरको टोलीले दुबैलाई सोमबार पक्राउ गरेको हो। उनीहरू अलग-अलग होटलमा बसेका थिए। ब्युरो प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दिनेश आचार्यका अनुसार जुमाले बोकेको झोलाभित्र एक किलो १०४ ग्राम कोकिन बरामद भएको थियो। उनका अनुसार उनीसँगै भारतीय महिलालाई पक्राउ गरिएको हो। उक्त क्याप्सुल बुझ्न महिला भारतबाट नेपाल आएर बानेश्वरकै अर्को होटलमा बसेकी थिइन्।

बरामद भएको कोकिनको अवैध बजार मूल्य तीन करोड ८७ लाख हुन आउँछ। एसएसपी आचार्यका अनुसार तान्जानियन नागरिक इथियोपियाबाट दुबई हुँदै कतार एयरको जहाजमा नेपाल आएका थिए। दुबईबाट आइतबार मात्रै आएर उनी होटलमा बसेका थिए। आइतबार नै भारतीय महिला बागडोग्रा एयरपोर्टमा उत्रिएर बस चढेर काठमाडौं आइपुगेकी थिइन्। उनी स्थलमार्गबाटै कोकिन लिएर भारत जान लागेकी थिइन्।

'ती महिलाले कसका लागि लागुऔषध लिन काठमाडौं आएकी थिइन् खुलिसकेको छैन,' आचार्यले भने, 'हामी लागुऔषध पुग्ने ठाउँ र कारोबारीबारे अनुसन्धान गरिरहेका छौं।' गत साउन २३ गते मात्रै लाटभिएन नागरिक ५१ वर्षीय इभार्स भाल्टर्स ६ किलो २४ ग्राम कोकिनसहित पक्राउ परेका थिए। उक्त कोकिनको अवैध बजार मूल्य २१ करोड ८ लाख रुपैयाँ हुन आउँछ।

लाट्भियाबाट फ्रान्स हुँदै दुबई ट्रान्जिट भएर ती नागरिक काठमाडौं आइपुगेका थिए। दुवै जनालाई लागुऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम काठमाडौं जिल्ला अदालतबाट थुनामा राख्ने अनुमति लिइ अनुसन्धान थालिएको छ।

२०८१ वैशाखयता प्रहरीले कोकिन तस्करीमा आक्रामक बन्दै 'अपरेसन' चलाइरहेको छ। यी दुई घटनाअघि प्रहरीले ३५ करोड ७९ लाख रुपैयाँ बराबरको कोकिन बरामद गरेको थियो। यो करोडौंको कोकिन लिएर आउने भरियाहरूले पेटमा निलेर आएका थिए। अहिले तान्जानियाबाट आएका व्यक्तिले पनि कोकिनका क्याप्सुल निलेका थिए। काठमाडौं आएपछि उनले कोकिन दिसाबाट 'अनलोड' गरी झोलामा प्याक गरेका थिए। लाट्भियाका नागरिकले भने उक्त कोकिन सुटकेसमा बोकेर आएको देखिएको एसएसपी आचार्य बताउँछन्।

'उनले त्यत्रो कोकिन दुई तीन वटा विमानस्थलबाट कसरी छिराए भन्ने कुरा आश्चर्यको विषय छ,' आचार्यले भने, 'त्यो कोकिन पनि भारततर्फ पठाउन लागेको तर भारतबाट मानिस आइनपुग्दै उनी पक्राउ परेका थिए।' युरोपियन मुलुक लाट्भियाका नागरिकलाई प्रहरीले कोकिनसहित पहिलो पटक पक्राउ गरेको थियो। वैशाखयताका घटनामा अधिकांश दक्षिण अमेरिकी मुलुकबाट भरियाहरू प्रायः कोकिन निलेर नेपाल आउने क्रम बढ्दो देखिन्छ। कोहीले भने लुगामा फल्स बटम बनाएर आउने गरेका छन्।

यस्ता क्याप्सुल निल्दा स्वास्थ्य जोखिम उच्च रहेपनि बेवास्ता गर्दै ती भरियाहरू पेटमा कोकिन बोकेर आइरहेकै देखिन्छन्। कोकिन एक प्रकारको कडा लागुऔषध हो, जुन कोका बिरुवाको पातबाट रासायनिक प्रशोधनद्वारा तयार गरिन्छ।

कोकिनको बिरुवा दक्षिण अमेरिकी मुलुकका पहाडी र जंगल क्षेत्रमा पाइन्छ। मुख्यतया पेरु, कोलम्बिया, बोलिभिया र चिलीको दक्षिणी भेगमा कोकिन प्रशोधन गरिन्छ। पश्चिमी मुलुकबाट भरियामार्फत् पठाइने कोकिन नेपाल ट्रान्जिट भएर दक्षिण एसियाली मुलुक भारततर्फ तस्करी भइरहेको दाबी प्रहरीको छ। कोकिन लागुऔषध सभ्रान्तहरूले प्रयोग गर्छन्। कोकिन एक ग्राम ३५ देखि ४० हजार रुपैयाँसम्म पर्ने प्रहरीको दाबी छ।

नेपालमा कोकिन प्रयोग गर्ने व्यक्ति प्रहरीले अहिलेसम्म पत्ता नलागेको दाबी गर्दै प्रहरी यसको बजार भारत नै रहेको बताउँछ। कोकिन पठाउने अन्तर्राष्ट्रिय संगठित समूहले भारत तस्करीका लागि भरियाहरू खटाइरहेको दाबी प्रहरीले गरिरहेको छ। अहिलेका अधिकांश घटनामा भरियाहरूबाट कोकिन बुझ्न भारतीय नागरिक नेपाल आइरहेको प्रमाणित नै भएको एसएसपी आचार्य बताउँछन्। 'कोकिन कारोबारका संगठितहरूले भारतसम्म पुऱ्याउने सुरक्षित स्थान नेपाल ठानिरहेका छन्,' आचार्य भन्छन्, 'यसका केही कारणहरू पाइन्छन्, हामी कारण पहिचान गरी नियन्त्रण र रोकथाम गर्न लागिपरेका छौं।'

# युवा दिवसको अवसरमा वृक्षारोपण



**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २९ साउन

२५औं अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा कालीकोटको रास्कोट नगरपालिकास्थित बडिमालिका माध्यमिक विद्यालयअन्तर्गत प्राविधिक शिक्षा सञ्चालन गरिएको भवनको हातामा वृक्षारोपण गरिएको छ।

प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोग र हुरेन्डेक नेपाल कालीकोटको साझेदारीमा सञ्चालित सशक्त बालिका परियोजनाको अगुवाइमा पालिकास्थित सम्पूर्ण सरोकारवालाहरुको उपस्थितिमा वृक्षारोपण कार्यक्रमको आयोजना गरिएको हो। वृक्षारोपणका लागि डिभिजन वन कार्यालय, कालीकोटले सल्ला, कोइराला र बकाइनाको बिरुवाहरु उपलब्ध गराएको थियो।

शिक्षा विकास तथा समन्वय इकाइ कालीकोटका प्रमुख लालप्रसाद पोखरेलले वृक्षारोपण गरेर कार्यक्रमको उद्घाटन गरेका थिए। 'दिगो विकास लक्ष्यमा प्रगति र समृद्धि, डिजिटल प्रविधिमा युवा पहुँच अभिवृद्धि' भन्ने मूल नाराका साथ रास्कोट नगरपालिकाका युवाहरु हातहातमा प्लेकार्ड लिएर ऱ्यालीसहित वृक्षारोपाण कार्यक्रममा जुटेका थिए। ऱ्यालीमा रास्कोटका युवाको गन्तव्य, हानिकारक मूल्यमान्यताको अन्त्य, युवा समाज रुपान्तरण र राष्ट्रिय परिवर्तनका सम्बाहक हुन् युवा रोकिए संसार रोकिन्छ, दिगो विकास र स्थायित्व, युवामा लगानी सरकारको दायित्वलगायतका नाराहरु गुञ्जायमान गर्दै राष्ट्र निर्माण र समाज रुपान्तरणमा युवाको महत्वपूर्ण भूमिका रहेको सन्देश प्रवाह गरिएको थियो।

युवा दिवसको अवसरमा बढ्दो जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न सहयोग पुग्ने किसिमले युवा परिचालनमार्फत वृक्षारोपण कार्यक्रमको आयोजना गरेकोमा हुरेन्डेक नेपाल कालीकोटलाई शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख पोखरेलले धन्यवाद व्यक्त गरेका थियो। उद्घाटन सत्रमा बोल्दै प्रमुख पोखरेलले आगामी दिनमा जिल्लास्थित सबै विद्यालयले एक विद्यार्थी एउटा बिरुवा रोप्ने र हुर्काउने कार्यक्रम सञ्चालन गर्ने बताए।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय
**गाई आनुवांशिक स्रोत केन्द, जिरी**

**सिलबन्दी बोलपत्र आह्वान सूचना न. ०२/२०८१/८२**

(तेस्रो पटक पत्रिकामा प्रकाशित मिति २०८१/०४/३०)

यस केन्द्रमा आ.व. २०८१।०८२ मा उत्पादन हुने गाईको पूर्ण कच्चा दुध बिक्री गर्नु पर्ने भएकोले इच्छुक फर्म सरकारी तथा निजि दुग्ध व्यावसायीहरु/खरिद कर्ताबाट बढाबढ सिलबन्दी बोलपत्र आह्वान गरिन्छ। विस्तृत जानकारीको लागि यस केन्द्रको सूचना पाटि तथा Website:cgrcjiri.gov.np मा हेर्न सकिनेछ।

| क्र. सं. | बोलपत्र नं. | विवरण | अनुमानित परिमाण (लिटर) | लागत अनुमान रु. | बोलपत्र जमानत र कम रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| १. | CGRCJIRI/NCB/G/02 /2081/82 | गाईको पूर्ण कच्चा दुध बिक्री | १,४६,०००। | १,१५,८२,१८०।- | २,९०,०००।- | ३,०००।- | बिक्री |

# हिमाको रुपी छहरा पहिचान गर्न पुग्यो प्राविधिक टोली



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २९ साउन

हिमा गाउँपालिका वडा नम्बर ५ मा रहेको रुपी छहरामा प्राविधिक टोली पुगेको छ। गुमनाम रहेको रुपी छहराको पहिचन गर्नका लागि गाउँपालिकाले प्राविधिक टोली पठाएको हो।

गाउँपालिकाका अध्यक्ष लक्ष्मणबहादुर शाहीले हिमाको पर्यटकीय सम्भावना रहेको रुपी छहरा अहिलेसम्म गुमनाममा रहेका कारण पहिचान गर्न प्राविधिक टोली खटाइएको जानकारी दिए। उनका अनुसार गाउँपालिकाका भौतिक पूर्वाधार शाखा प्रमुख इन्जिनियर तोरुण खड्काको नेतृत्वमा १२ जना प्राविधिक र स्थानीय त्यस क्षेत्रमा गएर फर्किएका हुन्।

त्यहाँ पुगेको टोलीले छहराको अवस्थाको अवलोकन गरेको छ। टोलीले नाग्म गमगडी राजमार्गअन्तर्गत हरियाल्लादेखि रुपी छहरासम्मको पैदल दुरी, पर्यटकीय पदमार्गको सभ्भावमा, समस्या, चुनौती र समस्या सामाधानका उपायहरुको विषयमा अध्यायन गरेको छ। टोलीले एक हप्ताभित्र प्रारम्भिक प्रतिवेदन गाउँपालिकालाई बुझाउने छ।

हिमा गाउँपालिकाको स्थायी केन्द्र वडा नम्बर ५ बाजागाडाबाट करिब ४ घण्टाको पैदल यात्रापछि रुपी छहरा पुगिन्छ। गाउँपालिकाले यसअघि रुपी छहाराको प्रचारका लागि नेपाल पत्रकार महासंघसहित स्थानीय बुद्धिजीबीको सुझाव संकलन गरेको थियो। गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा समेत रुपी छहराको पहिचान गरी आवश्यक पूर्वाधार निर्माण गरिने समावेश गरिएको छ।

छहराको वास्तविक अवस्थाका विषयमा बुझ्न पहिलो पटक सरकारी स्तरको प्राविधिक टोली पठाइएको हो। सो क्षेत्रमा यसअघि प्रमुख प्रशासकीय अधिकृत रणबहादुर बुढासहितको टोली पनि पुगेर फर्किएको थियो। गाउँपालिका अध्यक्ष शाहीका अनुसार प्राविधिकहरुको प्रतिवेदनपछि सरोकारवालाहरुको टिम पुग्ने योजना रहेको छ।

**कालिका गाउँपालिका**
**गाउँपालिकाको कार्यालय**
धैबुङ्ग, रसुवा
बागमति प्रदेश, नेपाल

**सूचना प्रकाशित मिति : २०८१/०४/३०**

प्रस्तुत बिषयमा यस गाउँपालिका अन्तर्गत संचालनमा रहेको जिवजिवे ग्रामिण अस्पतालमा फामेसी सेवा संचालनमा रहेको तथा स्वास्थ्य बीमा कार्यक्रममा सूचिकृत अस्पताल समेत भएकोले स्वास्थ्य बीमा कार्यक्रममा समावेश भएका औषधीहरुको नियमित उपलब्धता गराउनुपर्ने भएको हुँदा औषधी सप्लार्यस फर्म वा कम्पनीहरुले गाउँपालिकामा सूचिकृत भई स्वास्थ्य बीमा कार्यक्रममा समावेश भएका औषधीहरु स्वास्थ्य बीमा बोर्डले तोकेको दररेट भन्दा बढी नहुने गरी दररेट शिलबन्दी गरी ७ सात दिनभित्र तपशिलका विवरण तथा कागजातहरु समेत समावेश गरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। औषधीहरुको विवरण सूची यस गाउँपालिकाको वेभसाइट www.kalikamunrasuwa.gov.np मा राखिएको छ।
संलग्न गर्नुपर्ने विवरण तथा कागजातहरु
- फर्म दर्ता नविकरण, PAN दर्ता प्रमाण पत्र र आ.ब. २०७९/०८० को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गर्नुपर्ने।
- सूचिमा समावेश भएका सम्पूर्ण औषधीको दररेट अनिवार्य भरी कम्पनी वा फर्मको आधिकारिक सहिछाप भएको हुनुपर्नेछ।
- कालिका गाउँपालिकामा सूचिकृत भएको प्रमाणको प्रतिलिपी पेश गर्नुपर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

**CYPRUS मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: CHRISKAR BUSINESS CONSULATNTS — शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८१/०४/२९ — चलानी नं.: ६०२२३५४३ — LT. No.: 308896

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 850 | १२४,४४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Housekeeping | 0 | 10 | | 700 | १०२,४८७ | | | | | | | |
| 3. | Waiter/waitress | 5 | 5 | | 700 | १०२,४८७ | | | | | | | |

कम्पनी: E.G ESTIACYPRUS PRIVATE EMPLOYMENT AGENCY — शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८१/०४/२९ — चलानी नं.: ६०२२३५२८ — LT. No.: 308897

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chamber Maids | 0 | 5 | सम्बन्धित काममा दक्ष | 700 | १०२,४८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 800 | ११७,१२८ | | | | | | | |
| 3. | Waiter/Waitress | 5 | 5 | | 700 | १०२,४८७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ५ गते (21 August 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.**
सुबिधानगर, तिनकुने-३५, काठमाडौ, नेपाल
फोन: ५१९२०२८, ४१११६४४ फ्याक्स: ४१११६४४
श्रम इजाजत नं. ९४७/०६७/०६८
E-mail: gautaminternational5@gmail.com Website: www.gautamimps.com

**साना किसान कृषि सहकारी संस्था लि.विष्णुपुर (प्र.म.)**
**गा.पा.-१, विष्णुपुर, सिरहा**
मधेश प्रदेश, नेपाल

**भाघा नाघेको ऋण बुझाउने बारे ३५ दिने सार्वजनिक सुचना**

**प्रथम पटक प्रकाशित मिति :- २०८१/०४/३० गते**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणि सदस्यले लिएको ऋण हालसम्म नबुझाई भाखा नघाएकोले सो रकम बुझाउने सम्बन्धमा यस सहकारी संस्थाबाट पटक/पटक मौखिक तथा लिखित तर ताकेता गरिएकोमा त्यस ऋणिले ऋण लिदा मजुर गरेका सर्तहरु समेत उल्लखन गरी ऋणको साँवा, ब्याज तथा हर्जना समेत नबुझाएको हुदाँ यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण साँवा ब्याज तथा हर्जना बुझाउन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्र पनि ऋण, ब्याज तथा हर्जना बुझाउन नआएमा तपसिलमा उल्लेखित ऋणि सदस्यहरु व्यक्तिगत जवानकर्ता मन्जुरनामाको लिखित गरिदिने व्यक्तिहरुले लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी यस सहकारी संस्थाको लोन असुल उपर गरिने व्यहोरा समेत यसै सुचनाद्धारा जानकारी गराईन्छ। साथै संरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस सहकारी संस्थाको लोन असुल उपर नभएमा उल्लेखित ऋणिका एकाघर संगोल परिवारका सदस्यका लिखित मन्जुरीनामा दिने व्यक्तिहरुको नाममा रहेको चल अचल सम्पत्ति समेतबाट सहकारी संस्था सम्बन्धि ऐन २०७४ को दफा ७९ र संस्थाको नियमानुसार ऋणि समानतकर्ताले गरिदिएको तमसुक जमानत तथा मन्जुरीनामाको लिखित बमोजिम लोन असुल उपर गरि लिने तथा ऋणि सदस्य मन्जुरीनामा लिखित गरिदिने जमानतकर्ता समेतलाई कालोसुचिमा समावेश गरिने व्यहोरा सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल :-**

| क्र.स | ऋणिको नाम | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ऋण ब्याज: साँवा | ऋण ब्याज: ब्याज २०८१ असार सम्म | कुल रकम |
|---|---|---|---|---|---|---|---|
| १ | दैलेन्द्र प्रसाद सिंह | ००६/२ | राम नारायण महतो | फौदार महतो | ३९९९६४/- | २६९७२३।८२ | ६६९६८७।८२ |
| २ | एकलास देवी | ०९०/२ | दलेन्द्र प्रसाद सिंह | राम नारायण महतो | ३९९६४३/- | ३६८४११।०६ | ७६८०५४।०६ |
| ३ | लक्ष्मी महतो | ०१३/२ | गणेशी महतो | फौदार महतो | ९४२३६४/- | १०४८१०६।८० | १९९०४७०।८० |
| ४ | देव नारायण महतो | ०१६/२ | दर्शै महतो | रामेश्वर महतो | ३९९९५६/- | २९६८९८।८८ | ६९६८५४।८८ |
| ५ | निर्जला कुमारी यादव | ०७७/२ | गोपिन्द्र यादव | तुरन्त यादव | ८००००/- | ४७६०८७।६७ | १२६०८७।६७ |
| ६ | बनारसी देवी बरहीं | ०७८/२ | राम वृक्ष ठाकुर | योगेश्वर ठाकुर | ३७९९८४/- | १९५६८३।०७ | ५७५६६७।०७ |
| ७ | बलास यादव | १२२/३ | खुशिया यादव | सुवन्च यादव | ४९९९९९/- | ३३८०३९।६६ | ८३८०३८।६६ |
| ८ | जमुना यादव | ०३४/४ | अयोधी यादव | राम किसुन यादव | २४९९९७/- | ३४७८५८।७१ | ५९७८५५।७१ |
| ९ | राज कुमार यादव | ०८८/५ | बिन्दीलाल यादव | सर्गुग यादव | ३१००००/- | २८४३२०।१४ | ५९४३२०।१४ |
| १० | शोसिला देवी यादव | १४०/५ | रामस्वारथ यादव | राजेन्द्र यादव | ७९९९०४/- | ४१७६९२।३४ | १२१७५९६।३४ |
| ११ | रेणु देवी यादव | १४०/५ | राम उदगार यादव | बिन्दी लाल यादव | २९९७३४/- | ३२२१२३।७२ | ६२१८५७।७२ |
| १२ | राम प्यारी यादव | १८४/५ | राम वृक्ष यादव | ध्यानी यादव | ४४९९७०/- | २८४०४१।०६ | ७३४०११।०६ |
| १३ | सज्जनवर्ती | ०९७/५ | सुदिलाल यादव | जुगेश्वर यादव | ८०००००/- | ५१२१८६।३० | १३१२१८६।३० |
| १४ | गिता कुमारी यादव | १८८/५ | दिनेश कुमार यादव | सुदिलाल यादव | १३४००००/- | ४९८२५९।७४ | १८३८२५९।७४ |
| १५ | बिन्देश्वर यादव | ०४६/६ | राम पृत यादव | तनुक लाल यादव | २९९९४४/- | २३३६२९।१८ | ५३३५७३।१८ |
| १६ | गुन्देव यादव | ०५६/६ | बेचन यादव | सुनर यादव | २९९९९८/- | ४०५७६०।१६ | ७०५७५८।१६ |
| १७ | कृष्ण देव ठाकुर | ०५७/६ | मधुरी ठाकुर | बुधन ठाकुर | ५९९६२९/- | ३६११७१।९३ | ९६०८००।९३ |
| १८ | जगलाल यादव | ०८०/६ | परमेश्वर यादव | अबध यादव | ३९९३५५/- | २०८९५३।०३ | ६०८३०८।०३ |
| १९ | गुलाब देवी यादव | १७७/६ | बिन्देश्वर यादव | राम पृत यादव | ४०००००/- | ३०१२४७।९६ | ७०१२४७।९६ |
| २० | राम अशिष यादव | ०७६/७ | राम वृत यादव | चेथरु यादव | ३९९९६६/- | २३३६५५।२० | ६३३६२१।२० |
| २१ | रेखा कुमारी यादव | १७७/६ | दिपेन्द्र कुमार यादव | जगलाल यादव | १०९९९९९/- | ३९७६४६।१८ | १४९७६४५।१८ |
| २२ | मकुम कुमारी महतो | १३१/६ | शिव नारायण महतो | बुधन महतो | ५२४९८५/- | १५००७०।९६ | ६७५०५५।९६ |
| २३ | शिला कुमारी महतो | १६९/५ | सेवक महतो | दामोदर महतो | ३९९६६६/- | १९६४००।९३ | ५९६०६६।९३ |
| २४ | दर्पी पासवान | ००७/१ | मनोरफिया पासमान | गणेश पासमान | २९९७९१/- | २२८६१७।३२ | ५२८४०८।३२ |
| २५ | बुधनी पासमान | १६७/००१ | सोभित पासमान | मनोरथी पासमान | २९९९५०/- | ३०९४४८।२४ | ६०९३९८।२४ |

**साउदी तथा UAEमा बैदेशिक रोजगारको अवसर**

कम्पनी : Water and Electricity Systems Technology for Maintenance and Operation Est — शहर: Saudi Arabia, Damman KSA
पूर्व स्वीकृती मिति : २०८१/०४/२९ — चलानी नं.६०२२३४९१ — LT No. 308837

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Truck Driver / Heavy Driver | 1 | काममा दक्ष | 1800 | ६४,३९० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C — शहर: UAE, Dubai, Abu Dhabi
पूर्व स्वीकृती मिति : २०८१/०४/२९ — चलानी नं.६०२२३४९० — LT No. 308852

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Building Worker/Labour | 200 | काममा दक्ष | 800 | २९,२५० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |

कम्पनी : Profile Recruitment-Sole Proprietorship LLC — शहर: UAE — पुन विज्ञापन
पूर्व स्वीकृती मिति : २०८१/०१/३० — चलानी नं.६०२१९४१५ — LT No. 304477

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Building Labourer | 103 | काममा दक्ष | 800 | २९,२५० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैले | रु ७००/- कामदार आफैले | रु १५००/- कामदार आफैले | निःशुल्क | निःशुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०८१ भाद्र ५ गते (21 Aug, 2024) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसग राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला।

**Empire International Pvt. Ltd.**
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01-4621348, 4620715
E-mail: jobs@empirenpl.com.np
Lic. No. 695/063/064

**साउदीमा रोजगार।** कम्पनी: SAAD ABDUL AZIZ YOUSSEF BIN NAFEA CAR MAINTEANCE WORKSHOP — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८१/०४/२८ — चलानी नं.: ६०२२३४७१ — L.T. No.:308834

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Mechanics | 2 | 0 | स. काममा दक्ष | 1500 | ५३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ५ गते (21 August 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Superb Solutions Pvt. Ltd.**
कालिमाटी डोल, एयरपोर्ट, काठमाडौ, फोन : ४४६१२४३, ४४९५१८
Govt Lic. No. 264/058/059
Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np
Mobile: 9851324654 | 9811837449 | 9746504113 | 9851077524

**SAUDI मा रोजगार** — कम्पनी : AYANA CONTRACTING ESTABLISHMENT — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/०४/२९ — चलानी नं.: ६०२२३५३२ — LT. No.: 308915

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel House Keeper | 6 | 0 | स. काममा दक्ष | 1200 | ४२,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ५ गते (21 August 2024) मा हुनेछ।**

